नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०
०१-५३१९०४४

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाडौं

मिति: २०८२ साउन २३ गते।
ने.सं. ११४५

# प्रेस विज्ञप्ति

## कम्प्यूटर स्रोत संङ्केत (Source Code) चोरी गर्ने व्यक्तिहरू पक्राउ।

सफ्टवेयर कम्पनीको स्रोत संकेत (Source Code) मा अनधिकृत पहुँच पुऱ्याई, चोरी गरी निवेदकको बौद्धिक सम्पत्तिमा आघात पुऱ्याउने मनसाय लिएको सम्बन्धमा यस ब्यूरोले गरेको प्रारम्भिक प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट उक्त कार्यमा संलग्न जिल्ला सर्लाही चन्द्रनगर गाँउपालिका वडा नं. ५ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाडौ महानगरपालिका वडा नं. १६ बालाजु बस्ने वर्ष २६ को सुजन कुमार महतो र धादिङ जिल्ला ज्वालामुखी गाँउपालिका वडा नं. ४ घर भई हाल जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ४ धोबीघाट बस्ने वर्ष २४ को सुमन श्रेष्ठ खुल्न आई निजहरूलाई विद्युतिय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ अन्तर्गतको कसूरमा मिति २०८२ साउन २२ गते ब्यूरोको टोलिले काठमाडौं र ललितपुरका विभिन्न स्थानबाट पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले पाँच/पाँच (५/५) दिन म्याद थप भई आवश्यक अनुसन्धान कार्य भईरहेको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२